National News

July 7th, 2024

Sunday

प्रमुख समाचार:-

1. ओडिशाको पवित्र नगर पुरीमा विश्वप्रसिद्ध रथयात्रा आज साँझ सुरु हुँदै
2. प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि रुस र अस्ट्रियाको तीन दिवसीय भ्रमणमा प्रस्थान गर्नुहुने
3. कश्मीरको कुलगाम जिल्लामा सुरक्षा बलहरूसँगको दुई छुट्टाछुट्टै भिडन्तहरूमा छ जना आतंककारीहरू मारिएको पुष्टि
4. मौसम विभागद्वारा आज उत्तराखण्ड, उत्तर प्रदेश, उडिसा, मध्य महाराष्ट्र र दक्षिण कर्नाटकमा भारी वर्षाको चेतावनी जारी
5. मलेसियाको जोहोरमा जारी एसियाली स्क्वास च्याम्पियनसिपमा भारतका अभय सिंह पुरुष युगल र मिश्रित युगलको उपाधि जित्न सफल

## 1. Jagannath Rath Yatra

ओडिशाको पवित्र नगर पुरीमा भगवान जगन्नाथ, भगवान बलभद्र, देवी सुभद्रा र भगवान सुदर्शनको विश्वप्रसिद्ध रथयात्रा आज साँझ सुरु भएको छ। यात्रामा सहभागी हुन विश्वभरबाट लाखौं भक्तजन पुरी पुगेका छन्। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु पनि पुरी पुग्नुभएको छ। रथहरु श्रीगुण्डिचा मन्दिरमा लैजान तयार छन्। यी रथहरू एक सातासम्म गुण्डिचा मन्दिरमा रहनेछन्। हाम्रो संवाददाताका अनुसार राज्य सरकारले रथयात्राको लागि ओडिशामा दुई दिन सार्वजनिक बिदाको घोषणा गरेको छ। उता, गुजरातमा पनि कडा सुरक्षाबीच आज भगवान जगन्नाथको रथयात्रा सुरु भएको छ। रथयात्रा हेर्न ठूलो संख्यामा मानिसहरु आउने गरेका छन्। भगवान जगन्नाथको रथयात्रा प्रारम्भमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखर र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशवासीलाई शुभकामना दिनुभएको छ।

## 2. BJP Meeting – Delhi

केन्द्रीय मन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री पियुष गोयलले विगत १० वर्षमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन – एनडीए सरकारले गरेका कामका कारण जनताले तेस्रो कार्यकालका लागि पनि एनडीए सरकार चयन गरेको बताउनुभएको छ। दिल्ली भाजपा कार्यकारिणी बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री गोयलले मोदी सरकारले विभिन्न योजनाहरू लागू गरेर देशलाई कायाकल्प गरेको बताउनुभयो।

## 3. PM Russia/Austria Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि रुस र अस्ट्रियाको तीन दिने भ्रमणमा जानु हुनेछ । भ्रमणको पहिलो चरणमा श्री मोदीले रुसको राजधानी मस्कोमा हुने २२औँ भारत-रुस वार्षिक शिखर सम्मेलनमा भाग लिनु हुनेछ। श्री मोदीको यो भ्रमण रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनको निमन्त्रणामा हुन लागेको हो । सम्मेलनमा दुई नेताबीच आपसी सम्बन्धका सबै पक्षको समीक्षा हुनुका साथै पारस्परिक हितका क्षेत्रीय तथा विश्वव्यापी विषयमा छलफल हुनेछ । रुस भ्रमण सकेर प्रधानमन्त्री मङ्गलबार अष्ट्रिया पुग्नु हुनेछ । पछिल्लो ४१ वर्षमा भारतीय प्रधानमन्त्रीको अस्ट्रियाको यो पहिलो भ्रमण हुनेछ । हाम्रा संवाददाताले जनाएअनुसार श्री मोदीले मस्को र भियनामा भारतीय समुदायका मानिसहरूसँग कुराकानी गर्नु हुनेछ।

## 4. DARPG- Colombo

प्रशासनिक सुधार तथा जन गुनासो विभागको पाँच सदस्यीय भारतीय प्रतिनिधिमण्डलले आजदेखि कोलम्बोको तीन दिने भ्रमण सुरु गर्दैछ । प्रतिनिधिमण्डलको नेतृत्व राष्ट्रीय सुशासन केन्द्रका सचिव एवं महानिदेशक श्रीनिवासले गर्दै हुनुहुन्छ। उहाँले श्रीलंकाका निजामती कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रमबारे छलफल गर्नु हुनेछ। भ्रमणका क्रममा यी उपायहरूबारे दीर्घकालीन सम्झौता पत्रमा हस्ताक्षर हुने सम्भावना छ।

5. J & K Encounter

कश्मीर उपत्यकाको कुलगाम जिल्लामा सुरक्षा बलसँगको दुई छुट्टाछुट्टै भिडन्तमा छ आतंककारी मारिएका छन्। हिजो मोटरगाम क्षेत्रमा भिडन्त सुरु भएको थियो। सुरक्षा बलहरूले यी क्षेत्रमा आतंककारी लुकेको सूचना पाएका थिए। प्राप्त जानकारीअनुसार भिडन्तमा घाइते भएका दुई सैनिक शहीद भएका छन्। आज दोस्रो दिन पनि दुवै क्षेत्रमा भिडन्त जारी छ ।

6. BSP Chief - Mayawati

बहुजन समाज पार्टीकी प्रमुख मायावतीले तमिलनाडु राज्य पार्टीका अध्यक्ष के. आर्मस्ट्रङको हत्याराको छानबिन गर्न CBI को माग गर्नुभएको छ । आज चेन्नईमा आर्मस्ट्रङलाई श्रद्धाञ्जली अर्पण गर्दै उहाँले आफ्नो पार्टीले यस मामिलामा निष्पक्ष छानबिन गर्न जोड दिने बताउनुभयो।

7. SC NEET-UG

सर्वोच्च अदालतले भोलि NEET-UG सम्बन्धी धेरै याचिकाहरूको सुनुवाइ गर्नेछ। यसमा नयाँ परीक्षाको माग गर्ने याचिकाहरू पनि समावेश छन्। प्रधानन्यायाधीश डीवाई चन्द्रचूड र न्यायाधिश जे.बी. पर्दिवाला र न्यायाधीश मनोज मिश्रको इजलासमा २६ वटा निवेदन सुनुवाइका लागि सूचीकृत छन् ।

8. IMD Weather

मौसम विभागले आज उत्तराखण्ड, उत्तर प्रदेश, ओडिशा, मध्यप्रदेश र दक्षिण कर्नाटकका भित्री भागमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। आगामी पाँच दिनसम्म उत्तर-पश्चिम र मध्य भारतमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहेको छ। विभागका अनुसार असम र मेघालयमा भोलिसम्म, पश्चिम बंगाल, सिक्किम र बिहारमा बुधबारसम्म, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा बिहीबारसम्म भारी वर्षा हुनसक्ने जनाएको छ।

## 9. Assam Flood

यसैबीच, आसाममा आज बाढीको स्थितिमा केही सुधार आएको छ। तर, असम र बराक उपत्यकाका तल्लो जिल्लाका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको मौसम विभागले जनाएको छ । बाढीबाट राज्यमा करिब २४ लाख मानिस प्रभावित भएका छन् ।

## 10. Uttarakhand – Chardham Yatra

उत्तराखण्डमा भारी वर्षाको चेतावनीका कारण चारधाम यात्रा स्थगित गरिएको छ। गढवाल डिभिजनल कमिश्नर श्री विनय शंकर पाण्डेले यस सम्बन्धमा आदेश जारी गर्नुभएको छ। उहाँले वर्षा र पहिरोका कारण ऋषिकेशभन्दा बाहिर नजान र मौसम सफा भएपछि मात्र यात्रा गर्न यात्रुलाई सुझाव दिनुभएको छ।

## 11. Squash Championship

मलेसियाको जोहोरमा जारी एसियाली युगल स्क्वास च्याम्पियनसिपमा आज भारतका अभय सिंहले पुरुष युगल र मिश्रित युगलको उपाधि जितेका छन् । पुरुष युगलमा अभयले सेन्थिलकुमारसँग जोडी बनाएका थिए। उनले फाइनलमा मलेसियाका ओङ साइ हङ र स्याफिक कमललाई पराजित गर्दै उपाधि जितेका हुन् । अभयले जोश्ना चिनप्पासँग मिलेर मिश्रित युगलको उपाधि पनि जितेका थिए। मिश्रित युगलको सेमिफाइनलमा अभय र जोश्नाले हङकङको चेङ न्गा चिङ र लाइ चेउक नाम म्याथ्युलाई पराजित गरेका थिए।

## 12. T20 Cricket

पुरुष क्रिकेटमा भारतले हरारेमा भएको दोस्रो टी–२० अन्तर्राष्ट्रिय खेलमा आयोजक जिम्बाब्वेलाई २३५ रनको लक्ष्य दिएको छ । यसअघि टस जितेर ब्याटिङ रोजेको भारतले निर्धारित २० ओभरमा २ विकेट गुमाएर २३४ रन बनाएको थियो । पाँच खेलको शृङ्खलामा आयोजकले अहिले १–० को अग्रता लिएको छ ।

## 13. Women's Cricket

महिला क्रिकेटमा भारत र दक्षिण अफ्रिकाबीचको दोस्रो टी–२० खेल आज बेलुकी ७ बजेदेखि चेन्नईमा हुँदैछ । तीन खेलको सिरिजको पहिलो खेलमा दक्षिण अफ्रिकाले भारतलाई १२ रनले पराजित गरेको छ ।

## 14. Copa Football

कोपा अमेरिका फुटबल प्रतियोगिताको सेमिफाइनलमा कोलम्बिया प्रवेश गरेको छ । कोलम्बियाले क्वाटरफाइनलमा पानामालाई हराएको थियो । कोपा अमेरिका फुटबल प्रतियोगिताको उपाधि खेल जुलाई १४ मा हुनेछ ।